# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक २२६ काठमाडौं शनिबार, २ पुस २०७९ Prabhab National Daily Saturday, December 17, 2022 www.prabhabonline.com पृष्ठ ४ मूल्य रू. ५।-


**सन्दर्भ : वैदेशिक रोजगार**

## वैदेशिक रोजगारबाट फर्केकाको तथ्यांक संकलन गरिँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले स्थानीय तहहरूमार्फत वैदेशिक रोजगारबाट फर्केकाहरूको तथ्यांक संकलन सुरु गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार बोर्डको सचिवालयले स्थानीय तहको सहकार्यमा त्यस्ता व्यक्तिलाई पुन:एकीकरणका कार्यक्रम सञ्चालनका लागि तथ्यांक संकलन गर्न लागेको हो। जसअन्तर्गत देशभरका केही स्थानीय तहले तथ्यांक संकलन सुरु गरेका छन् भने केहीले सुरु गर्ने तयारी थालेका छन्।

यही क्रममा कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकाले वैदेशिक रोजगारबाट फर्केकाहरूको तथ्यांक संकलन सुरु गरेको छ। वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले आर्जन गरेको पुँजी, प्रविधि, ज्ञान र सीपको उपयोग गरी स्वदेशभित्रै रोजागरी उपलब्ध गराउन नगरपालिकाले तथ्यांक संकलनको कार्य अगाडि बढाएको नगरपालिकाले जनाएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार बोर्डको सचिवालयले स्थानीय तहको सहकार्यमा त्यस्ता व्यक्तिलाई पुन:एकीकरणका कार्यक्रम सञ्चालनका लागि नगरपालिकाका १२ वटै वडामा तथ्यांक संकलन भइरहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टीकेन्द्रराज भट्टले जानकारी दिए।

वैदेशिक रोजगार बोर्डको सचिवालयबाट स्वीकृत पुन:एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन निर्देशिका) २०७९ बमोजिम कार्यक्रम सञ्चालन हुने उनको भनाइ छ। कार्यक्रम स्थानीय तहको माग, आवश्यकताबमोजिम स्थानीय तहमार्फत सञ्चालन हुने उनको भनाइ छ। स्वदेशभित्रै रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गरी वैदेशिक रोजगारीमाथिको परनिर्भरतालाई क्रमश: कम गर्दै लैजाने उद्देश्यअनुरूप कार्यक्रम सञ्चालन हुन लागेको छ।

'नगरपालिकाका सबै वडामा यसबारे पत्राचार गरी सकेका छौं,' उनले भने, 'वडा कार्यालयमार्फत सात दिनभित्र तथ्यांक संकलनपछि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले इच्छाएका कार्यक्रम सञ्चालनका लागि प्रक्रिया अगाडि बढाइनेछ।'

नगरपालिकाका अधिकांश युवाहरू रोजगारीका लागि भारतलगायत खाडीमुलुकमा जाने गरेका छन्। विदेशमा सिकेको सीपको सदुपयोग गर्दै रोजगारीका अवसर सिर्जना गर्नका लागि कार्यक्रमले सघाउने नगरप्रमुख रणबहादुर महराको भनाइ छ।

**खिजीदेम्बाको तयारी**

ओखलढुंगाको खिजीदेम्बा गाउँपालिकाले पनि वैदेशिक रोजगारीबाट फर्केकाहरूको तथ्यांक संकलन गर्ने भएको छ। गाउँपालिकाको स्वरोजगार शाखाले वैदेशिक रोजगारीबाट फर्केकाहरूको तथ्यांक संकलन गरी पुन:एकीकरण कार्यक्रममा सहभागी गराउन लागेको हो।

गाउँपालिकाका रोजगार संयोजक सूर्यप्रकाश सुनुवारका अनुसार वैदेशिक राजेगारीमा गएका नेपालीले आर्जन गरेका पुँजी, प्रविधि, ज्ञान र सीपको उपयोग गरी स्वदेशमै रोजगारी र स्वरोजगारीको अवसर सिर्जना गर्न तथ्यांक संकलन गर्न लागिएको हो।

वैदेशिक रोजगारी माथिको परनिर्भतालाई कम गर्दै लैजाने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत वैदेशिक रोजगार बोर्डको सचिवालयबाट तथ्यांक माग भएकाले वैदेशिक रोजगारबाट फर्केकाहरूले आफ्नो वडामा गएर विवरण टिपाउन गाउँपालिकाले अनुरोध गरेको गाउँपालिका अध्यक्ष गम्बु शेर्पाले बताए।

# चुरे विनासले बस्ती नै सखाप

चुरे संरक्षणको निम्ति गम्भीर भएर सबै क्षेत्रबाट पहल नभए धनुषाको छेडपोखरी गाउँजस्तै धेरै गाउँ मरूभूमिमा परिणत हुने विज्ञहरूले औँल्याएका छन्



तस्बिरः रासस

■ **अजयकुमार साह**

**धनुषा–** झट्ट हेर्दा विश्वासै लाग्दैन, कुनै समय यहाँ बस्ती थियो। चुरे विनासको कारण कुनै बेला धनुषामा रहेको यो गुल्जार बस्तीको अहिले नामोनिसान छैन।

तत्कालीन धनुषाको दिगम्बरपुर गाविस-४ छेडीपोखरी मानवविहीन बन्न पुगेर त्यहाँका सम्पूर्ण गाउँले अन्यत्र बसाइँ सर्न विवश भएका छन्। हाल उनीहरू गाउँभन्दा करिब दुई किलोमिटर पर अलिक अग्लो जमिनमा पुगेर बसोबास गरेका छन्। त्यस ठाउँलाई अहिले क्षीरेश्वरनाथ नगरपालिका-६ सखुवा बजार नयाँ टोल भनेर चिनिन्छ।

'केही वर्ष अघिसम्म यहाँ मासि बस्थे, तिनले खाने पानीको इनार यही हो,' सामुदायिक वन उपभोक्ता समिति महासंघ प्रदेश २ का अध्यक्ष सोमप्रसाद शर्माले भने, 'अचानक एक दिन बाढी आयो र बस्ती बगायो।' ६५ भन्दा बढी घरपरिवार रहेको त्यो बस्तीमा अहिले खाली जमिन छ। केही पोखरी खनिएका छन् र ठूलो क्षेत्र बगरमा परिणत भएको छ। वि.सं. २०४५ मा झण्डै आठ फिट गहिराइबाटै नदीले काटेर बगाइदिएपछि सारा गाउँ नै बगरमा परिणत भयो। अहिले यहाँ बस्ती थियो भन्ने कुनै प्रमाण यहाँ भेटिँदैन, एउटा इनारको भग्नावशेषबाहेक।

अध्यक्ष शर्माले भने, 'यो इनार अहिले जति अग्लो देखिन्छ, त्यति नै उचाइमा यहाँ गाउँ थियो, यो सबै देख्दादेख्दै पनि हामीले अझै चुरेमाथि खेलबाड गर्न छाडेका छैनौं।' यस्ता थुप्रै बस्ती अन्यत्र पनि विस्थापित बनेका छन्। तराई-मधेसमा चुरे दोहनको फरक-फरक रोचक र टिठलाग्दो दृष्य छन्। अनियन्त्रित उत्खनन र चुरे दोहनले केही वर्षअघिसम्म यहाँका खोलामा नियमित बगिरहने जरुवाको पानी बिलाएर गएको छ।

पानीका मुहान एकपछि अर्को गरेर सुक्न थालेका छन्। खानेपानीका मुहान, पोखरी, इनार, बगिरहने पानी र डिप बोरिङ बन्द भएपछि तराई-मधेसका अधिकांश क्षेत्र मानव बसोवास र कृषि उत्पादनका लागि अयोग्य बनेका छन्।

तत्कालीन दिगम्बरपुर गाविस र हाल क्षीरेश्वरनाथ नगरपालिका-८ मा पर्ने यस गाउँको इतिहास दुई सय वर्ष पुरानो मानिएको छ। करिब २०० वर्ष पहिला यस गाउँमा थारू समुदायका मानिस भारतको मुंगेरबाट आएका हुन् भन्ने बुढापाका बताउँछन्। यस गाउँमा शोभित चौधरीका बुढा हजुरबुवा अमृत पोद्धार (चौधरी) विर्तावाल थिए। यस भेगमा उनको ठूलो सम्मान थियो। पछि पहाडी समुदायका मानिसको प्रवेश हुन थालेपछि यिनीहरूको प्रभाव घट्दै गएको देखिन्छ।

वि.सं. २००७ पहिले नै यस भेगमा जंगल फँडानीको क्रम सुरु भइसकेको थियो। पाल्पाबाट १९९० सालतिर नै आएका डम्बरबहादुर खातीले पाल्पाका बडाहाकिम प्रताप शमशेरको संरक्षणमा जंगल फँडानी गरी हरिहरपुरमा नयाँ बस्ती बसालेका थिए। २००७ को क्रान्तिमा अग्रणी भूमिका खेल्ने धनुषा लोहना वभनगामा निवासी दिगम्बर झा क्रान्तिकालमा गठित जनसरकारका प्रभावशाली व्यक्तित्व थिए। आन्दोलनको क्रममा उनको खातीहरू (बलबहादुर खाती, लालबहादुर खाती र वीरबहादुर खाती)सँग निकट सम्पर्क भयो।

> महाभारतका पहाड उत्खनन गर्दा २५/३० प्रतिशत मात्रै निर्यातयोग्य ढुंगा, गिट्टी निस्कन्छ, बाँकी ७०/७५ प्रतिशत 'डेमरेज' नदी-खोलामै मिसिएर तराईमा पुग्छ दर्जनौं पहाड त्यसरी खोतलियो भने तराई पुरिन कत्ति पनि समय लाग्दैन।
>
> ■ डा. विजयकुमार सिंह दनुवार
> वातावरणविद् एवं चुरेका अनुसन्धानकर्ता

हरिहरपुर बस्ती बसेजस्तै जनसरकारका प्रभावशाली व्यक्ति मानिएका दिगम्बरले त्यस भेगमा जंगल फँडानी गरी नयाँ बस्ती विस्तार गरेकाले उनको नामबाटै बस्तीको नाम दिगम्बरपुर राखियो। पछि बलबहादुर खाती गाउँका जमिन्दार र हर्ताकर्ता भए।

पहिला दिगम्बरपुरमा जलाद खोलाको चौडाइ ४०० मिटर मात्र रहेकामा अहिले हजार मिटरभन्दा पनि बढी भएको छ। बर्सेनि जलाद खोलाले ५-६ बिघा जग्गा कटान गर्ने गर्दछ। वि.सं. २०४५ मा आएको विनासकारी बाढीले पूरा छेडीपोखरी गाउँ नै बगाएर लग्यो।

यहाँ बसोबास गर्दै आएका ७४ वर्षीय ललितबहादुर बुढाथोकी आजभोलि पनि पौने एक घण्टा हिँडेर त्यो उजाडस्थल हेर्न पुग्छन्। उनको बाल्यकालदेखिका थुप्रै सम्झना झलझली आउँछ। 'हेर्दाहेर्दै सबैथोक लगिदियो,' बुढाथोकीले भने, 'म मात्र होइन गाउँभरिका मानिस एकसाथ बर्बाद भयौं।'

रामेछापको नागदहबाट २०११ सालमा बुबाको काँध चढेर आउँदा ललितबहादुर सानै थिए। 'बा आमा मिलेर खेतीपाती सुरु गर्नुहुन्थ्यो,' उनले सम्झिए, 'हामी त्यहीँ खेलेर हुर्कियौं।'

आमाबुबाको शेषपछि ललितका दाजुभाइले पनि त्यसै ठाउँमा कृषि कर्म अघि बढाए। जलाद खोलाको छेवैमा भएकाले यहाँ मनग्गे पानी आउने, गज्जबको खेतीपाती हुन्थ्यो। गाउँमै मूल फुटेर निस्केको पानीलाई बाँधेर सिँचाइ गरिएको थियो। त्यो सिँचाइले छेडी पोखरी मात्र नभई छिमेकको इच्छापुरकासमेत डेढ सय बिघाभन्दा बढी खेतलाई सिञ्चित गर्न मद्दत गरेको थियो।

ललितबहादुरले भने, 'वि.सं. २०४२ ताकाको कुरा हो, सोझो नदी त हेर्दाहेर्दै नागदेबेली परेर बग्न थाल्यो। सुरुमा त गाउँको छेउछेउतिर पेटी कटान गर्दै ल्यायो। अर्को वर्ष अझ बढी कटान भयो।' वि.सं. २०४४ मा गाउँभरि नदी बग्न सुरु भयो। जुन दिन खेतमा नदी पस्यो, त्यसै दिनदेखि नै यहाँका बासिन्दाको उठिबास भयो।

उनले भने, 'अरू गाउँले त तत्कालै छाडेर हिँडिहाले। म चाहिँ किनार-किनार सर्दै त्यतै बसिरहेँ। अन्तिममा किनारा पनि च्याप्दै लगेपछि केही सीप नलागेर मैले पनि बसाइँ सरेँ।' उताबाट बसाइँ सरेर आएका गाउँलेले नै आवाद गरेको बस्ती हो यो। अहिले अन्यत्रबाट थपिएकासमेत गरेर डेढ सयभन्दा बढी परिवार यहाँ बसोबास गर्दछ।

खेती किसानी गरेर जीविकोपार्जन गर्दै आएका उनले जानेको अरू कुनै काम थिएन। बिहे भएर गएकी छोरीले किनिदिएको १० धुर जग्गामा एउटा छाप्रो बनाएर उनका श्रीमान्-श्रीमती बस्दै आएका छन्। (**बाँकी पृष्ठ २ मा**)




# चुरे विनासले...

पृष्ठ १ बाट जारी

'बिहान बेलुका यहीँ चिया बनाएर बेच्ने गर्छु । मुस्किलले जीवन चलिरहेको छ,' उनले भने ।

यसरी विस्थापित हुनुपर्दाको समस्या उनलाई मात्र होइन, सम्पूर्ण गाउँलेलाई परेको छ । त्यो गाउँका कसैको पनि जग्गा जमिन अर्को गाउँमा थिएन । चारकिल्ला ठोकिएजस्तो थियो यो ठाउँ । यहाँ पहाडे र मधेसी परिवारको मिश्रित बसोबास थियो । उनले भने, 'यस्तो अवस्थामा सबै एकसाथ बिल्लिबाँठ भयौं ।'

आफूहरूले ऐलानी जग्गामा खेती र बसोबास गर्दै आएको भए पनि छेडीपोखरीका धेरै परिवारको नम्बरी जग्गा रहेको यहाँ बताउँछन् । उनका अनुसार छेडीपोखरीमा पसेको झण्डै १० वर्षपछि फेरि नदीले बाटो फेरेको थियो । छेडीपोखरीकै छेउमा रहेको इच्छापुरका बासिन्दा लक्ष्मीकुमार यादव भन्छन्, 'उहाँ केटाकेटी हुञ्जेल पनि गाउँ छेउको जलाद नदी एकतिरबाट मात्र बगेको थियो । त्यतिबेला बढीमा १०० मिटर चौडा थियो ।'

नदीतर्फ औंल्याउँदै उनी भन्छन्, 'अहिले त तीन वटा ठाउँमा ५०० मिटरभन्दा चौडा भाग नदीले ओगटेको छ ।' छेडीपोखरीमा नदी पसेर जलादले दोस्रो धार बनाएको थियो भने १० वर्षमा छेडीपोखरी र पुरानो नदीको बहावको बीचमा फेरि अर्को धार बनाइदियो । अहिले नदी योबीचकै धारबाट बगिरहेको छ । पछिल्लो समय नदीको तटबन्ध गरिए पनि बर्सेनि कटान नरोकिएको समाजिक परिचालक लक्ष्मीकुमार बताउँछन् ।

राष्ट्रपति चुरे संरक्षण कार्यालयलगायत जिल्ला वन, भूसंरक्षण कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरेनरी अस्पताल तथा पशु सेवा केन्द्र कार्यालय, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन, जनताको तटबन्ध कार्यालयमार्फत चुरे संरक्षणका प्रयास भइरहेका छन् ।

चुरे संरक्षणको निम्ति गम्भीर भएर सबै क्षेत्रबाट पहल नभए धनुषाको छेडपोखरी गाउँजस्तै धेरै गाउँ मरुभूमिमा परिणत हुने विज्ञहरूले औंल्याएका छन् । वातावरणविद्, चुरेका अनुसन्धानकर्ता डा. विजयकुमार सिंह दनुवार भन्छन्, 'जुन मात्रामा चुरेले विनास भोगिरहेको छ, त्यसको अनुपातमा संरक्षणको प्रयास असाध्यै झिनो छ ।'

तीन दशकभित्र जलाद नदीले तीन वटा धार परिवर्तन गरेको छ । काठको चोरी निकासीलाई नियन्त्रण गर्न नसक्दा चुरे र त्यसभन्दा मुनिको भावर नांगो भइसकेको उनले बताए । वन फँडानीकै कारण भावर क्षेत्रका जमिनले पानी परेपछि त्यसलाई सोस्नै छाडेको सिंहको भनाइ छ ।

वर्षामा आउने भेलले ढुंगा, माटो र बालुवा बोक्दै तल मधेसका खेतमा थुपार्ने क्रम बर्सेनि बढ्दै गएको छ । चुरेभन्दा माथिको महाभारत पर्वत शृंखलामा हुने गतिविधि पनि चुरे र तराई-मधेससँगै जोडिने विज्ञ सिंहको भनाइ छ । महाभारत शृंखलाका पहाड नै फोरिए पनि अन्तिममा तराई नै मरुभूमिकरण हुनेछ । ' महाभारतका पहाड उत्खनन गर्दा २५/३० प्रतिशत मात्रै निर्यातयोग्य ढुंगा, गिट्टी निस्कन्छ, बाँकी ७०/७५ प्रतिशत 'डेमरेज' नदी-खोलामै मिसिएर तराईमा पुग्छ,' डा सिंह भन्छन्, 'दर्जनौं पहाड त्यसरी खोतलियो भने तराई पुरिन कत्ति पनि समय लाग्दैन ।' *रासस*

## श्री सदाबहार सामुदायिक वन उपभोक्ता समूह

नरैनापुर गाउंपालिका वडा नं.-४, बाके

### बोलपत्रद्वारा गालिया काठ दाउरा लिलाम विक्रीको सूचना

(तेस्रो पटक प्रकाशित मिति २०७९/०९/०२ गते)

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र सिक्टा सिंचाई आयोजनाको पूर्वी नहर निर्माणको क्रममा उत्पादन भएका विभिन्न जातका गोलिया काठ तथा दाउरा चट्टालाई डिभिजन वन कार्यालय बाकेको च.नं. ३२४६ मिति २०७९/०१/२२ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाट गद्धीमा रहेका साल, कर्मा, जामुन, तेन्दु लगायतका जातका गोलिया थान ७७२ को ६२०९.३३ घ.मि. काठ तथा साल दाउरा ८.०० चट्टा र अन्य जातको मिश्रित दाउरा ११.०० चट्टालाई हाल जे-जस्तो अवस्थामा सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले काठसंग सम्बन्धीत उद्योग वा स:मिलले मात्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र बोलपत्र खरिद गरी १६ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टास गरिएको व्यहोरा सम्बन्धीत सबैमा अनुरोध गरिन्छ ।


# Kuwait मा बैदेशिक रोजगारको अवसर

**1. Company: YUSUF AHMED ALGHANIM & SONS CO.WLL, Kuwait**

१. पूर्व स्वीकृति मितिः- २०७९।०३।१४ च. न.:-६०१८२०६५ LT No:- 265827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Labor | 50 | - | काममा दक्ष | 85 | ३६,७३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Outdoor Labor | 50 | - | | 95 | ४१,०५०।- | | | | | | | |
| 3 | Gardener | 50 | - | | 95 | ४१,०५०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

**अन्तर्वार्ता २०७९ पौष ९ र १० गते (24, 25 Dec., 2022) मेनपावर कार्यालय बालुवाटारमा हुनेछ ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

KATHMANDU OVERSEAS PVT. LTD. HUMAN RESOURCES & LOGISTIC SUPPORT Redge No. 265/058/059

श्रम इजाजत नं. २६५/०५८/०५९

## काठमाण्डौ ओभरसिज प्रा. लि.

बालुवाटार, काठमाण्डौ, फोन नं. ०१-४५४५३९५, ४५४५३९६,
Email: kathmandumanpower@gmail.com



# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GUNUNG SERAYA WOOD PRODUCTS SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०१ LT. No. 265332 चलानी नं. ६०१८१५७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 21 | 0 | 1500 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ZILLION CREATIONS SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०१ LT. No. 265275 चलानी नं. ६०१८१५७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 65 | 0 | 1500 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ९ गते (24th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## AMCON OVERSEAS PVT LTD

श्रम इजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GLOBAL RUBBER INDUSTRY (M) SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०५/२३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०१ LT. No.271311 चलानी नं. ६०१८७२६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 39 | 0 | 1500 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ९ गते (24th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## GREEN LIGHT OVERSEAS PVT. LTD

श्रम ईजाजत नं. 1365/074/75

Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FOOD TREE FOUNDATION TO SERVE MEALS**

पूर्व स्वीकृति मिति २०७८/१२/२० पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०१ LT. No. 260734 चलानी नं. ६०१९०५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 2 | 0 | 1200 | ४२,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ९ गते (24th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CENTRAL CABLES BERHAD**

पूर्व स्वीकृति मितिः २०७९/०८/०१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०१ LT. No.275816 चलानी नं. ६०१९१४६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 26 | 0 | 1500 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ९ गते (24th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## Pigeon International Overseas Pvt. Ltd

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CREATIVE WINGS CONTRACTING CO.**

पूर्व स्वीकृति मिति २०७९/०६/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०१ LT. No. :272407 चलानी नं. ६०१८८१४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spray Painting Worker | 2 | 0 | 1300 | ४५,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ९ गते (24th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## All Asia Overseas Pvt.Ltd

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com


## नाङ्गलो बचत तथा ऋण सहकारी संस्था लि.

Nanglo Saving & Credit Co-operative Ltd.
Sayapatrinagar, Gongabu-3, Kathmandu, Nepal Tel. : 9721429542

### नाङ्लो वचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४औं साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको सञ्चालक समितिको लेखा सुपरीवेक्षण समितिको मिति: २०७९/०८/११ गते बसेको बैठकको निर्णयअनुसार यस संस्थाको १४ औं वार्षिक साधारण सभा निम्न उल्लेखित प्रस्तावहरू मथि छलफल गरि निर्णय पारित गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा संस्थाका सम्पूर्ण सदस्य महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभाका प्रस्तावहरू :**

१. अध्यक्षज्युको वार्षिक प्रगति प्रतिवेदन ।
२. आ.व.२०७९/०८० को प्रस्तावित योजना, बजेट नीति तथा कार्यक्तम सम्बन्धमा ।
३. आ.व.२०७८/२०७९ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व.२०७८/२०७९ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
५. आ.व.२०७९/२०८० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा
६. विधानको केहि धारा उपधाराहरू संशोधन गर्ने सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरणका लागि प्रतिनिधी चयन सम्बन्धमा ।
८. विविध ।

**तपसिल**

**साधारण सभाको मिति, समय र स्थान :**
**मिति** : २०७९ पुस १५ गते, शुक्रबार ।
**समय** : विहान ११:०० बजे ।
**स्थान** : संस्थाको कार्यालय परिसर ।

भवदीय
रामकुमार तामाङ (कार्यकारी अध्यक्ष)
नाङ्लो वचत तथा ऋण सहकारी संस्था लि.


# युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ADNOC DISTRIBUTION**

पूर्व स्वीकृति मिति २०७९/०७/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०१ LT. No.275523 चलानी नं. ६०१९१२७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | C Store Attendant | 30 | 0 | 1215 | ४३,८४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee Maker/senior Coffee Maker | 61 | 0 | 1215 | ४३,८४० | | | | | | | |
| 3 | Sales Attendant /sales Representative | 258 | 0 | 1215 | ४३,८४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ९ गते (24th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## Leading Foreign Recruitment Pvt. Ltd.

RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com



# मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **INTCO MALAYSIA SDN BHD**

पूर्व स्वीकृति मितिः २०७९/०३/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०१ LT. No.267256 चलानी नं. ६०१८३१८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब MR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 64 | 0 | 1500 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ९ गते (24th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

